# आन्तरिक राजस्व विभाग

## आर्थिक विधेयक, २०८० बाट विभिन्न ऐनमा भएको संशोधन तथा परिमार्जन

| क्र.सं. | दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| **आयकर ऐन, २०५८ मा भएको संशोधन** | | | |
| १ | दफा २ को उपदफा (कन१) | "समायोजित करयोग्य आय" भन्नाले कुनै व्यक्तिको कुनै आय वर्षको कर योग्य आयको गणना गर्दा दफा १२ बमोजिम कुनै रकम नघटाई तथा दफा १४ को उपदफा (२), दफा १७ वा १८ बमोजिम कट्टी नगरी गणना गरिएको कर योग्य आय सम्झनु पर्छ। | "समायोजित करयोग्य आय" भन्नाले कुनै व्यक्तिको कुनै आय वर्षको कर योग्य आयको गणना गर्दा दफा १२, **१२क., १२ख. र १२ग.** बमोजिम कुनै रकम नघटाई तथा दफा १४ को उपदफा (२), दफा १७ वा १८ बमोजिम कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्छ। |
| २ | दफा ४ को उपदफा (४क) को खण्ड (ख) | व्यवसायबाट प्राप्त करयोग्य आय दश लाख रूपैयाँसम्म र व्यवसायको कारोबार तीस लाख रूपैयाँभन्दा बढी र एक करोड रूपैयाँभन्दा घटी भएको, | व्यवसायबाट प्राप्त करयोग्य आय दश लाख रूपैयाँसम्म र व्यवसायको कारोबार तीस लाख रूपैयाँभन्दा बढी र **एक करोड रूपैयाँसम्म** भएको, |
| ३ | दफा १० को खण्ड (ड) | नेपाल सरकार वा नेपाल सरकारको सम्बन्धित निकायसँग भएको समझदारी पत्रको आधारमा नाफा नकमाउने वा वितरण नगर्ने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेको शैक्षिक संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम। | **नेपाल सरकारसँग** भएको समझदारी पत्रको आधारमा नाफा नकमाउने वा वितरण नगर्ने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेको शैक्षिक संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम। |
| ४ | दफा ११ को उपदफा (१) | कुनै फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा र भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको बाहेक अन्य | कुनै फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा र भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको |

| | | | |
|---|---|---|---|
| | | कृषि आम्दानीमा कर लाग्ने छैन। तर कुनै फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रूपमा दर्ता भई गरेको कृषि व्यवसाय, तरकारीलाई डिहाइड्रेड गर्ने व्यवसाय र कोल्डस्टोर व्यवसाय सञ्चालन गरी प्राप्त गरेको आयमा लाग्ने करमा शत प्रतिशत कर छुट हुनेछ। | बाहेक अन्य कृषि आम्दानीमा कर लाग्ने छैन। **तर कुनै फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसाय, तरकारीलाई डिहाइड्रेड गर्ने व्यवसाय वा कोल्डस्टोर व्यवसाय सञ्चालन गरी प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशत कर छुट हुनेछ।** |
| ५ | दफा ११ को उपदफा (२ख) को खण्ड (ग) | खण्ड (क) वा (ख) बमोजिमको सुविधा पाएका व्यक्तिले यस दफा बमोजिम अर्को कुनै कर छुट सुविधा पाउने रहेछ भने सो कर छुट सुविधा समेत पाउनेछ। | **झिकिएको।** |
| ६ | दफा ११ को उपदफा (३घ) को खण्ड (क) | संवत् २०८३ साल चैत्र महिनासम्म जलविद्युत, सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतको व्यापारिक उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्तिले व्यापारिक कारोबार सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ। तर संवत् २०८५ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका चालीस मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाको हकमा पहिलो पन्ध्र वर्षसम्म पूरै र त्यसपछिको छ वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ। | संवत् **२०८४** साल चैत्र महिनासम्म जलविद्युत, सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतको व्यापारिक उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्तिले व्यापारिक कारोबार सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ। **तर संवत् २०८५ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका चालिस मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजना र ती आयोजनासँग तादाम्यता (टेन्डम अपरेशन) राखी सञ्चालन गरिने तल्लो** |

| | | | |
|---|---|---|---|
| | | | **तटीय जलविद्युत आयोजनाको हकमा पहिलो पन्ध्र वर्षसम्म पुरै र त्यसपछिको छ वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने छ।** |
| ७ | दफा ११ को उपदफा (३ङ) को खण्ड (ग) | नेपालमा उत्पादन भएका वस्तु निर्यात गरी प्राप्त भएको आयमा खण्ड (क) वा (ख) बमोजिमको छुटपछि कायम हुने करमा थप पचास प्रतिशत | **विजिनेस प्रोसेस आउटसोर्सिङ्ग, सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड कम्प्युटिङ्ग लगायतका सूचना प्रविधिमा आधारित सेवा निर्यात गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आर्थिक वर्ष २०८४/८५ सम्म विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म लाग्ने करमा पचास प्रतिशत।** |
| ८ | दफा ११ को उपदफा (३ङ) | पचास करोड रूपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनीको रूपमा सञ्चालनमा रहेको कुनै कम्पनी **हुने गरी** पब्लिक कम्पनीको रूपमा परिणत भई कारोबार सञ्चालन गरेमा त्यसरी पब्लिक कम्पनीको रूपमा परिणत भएको मितिदेखि तीन वर्षसम्म लाग्ने करमा दश प्रतिशत छुट हुनेछ।<br>तर कम्पनी ऐन, २०६३ को दफा १२ बमोजिम पब्लिक कम्पनीको रूपमा संस्थापन हुनु पर्ने कम्पनीले यस उपदफा बमोजिमको सुविधा पाउने छैन। | **"हुने गरी"** भन्ने शब्दहरू झिकिएको। |
| ९ | दफा ११ को उपदफा (५) | एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एक भन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ। | एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एक भन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले **उपदफा (२ख) बमोजिमको सुविधाको अतिरिक्त** आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ। |

| | | | |
|---|---|---|---|
| १० | दफा २२ को उपदफा (२) | नभएको | **देहाय बमोजिमको व्यवस्था थप गरिएको:**<br>तर अदालतमा मुद्दा परी त्यस्तो मुद्दाको निरूपण पश्चात कुनै प्राकृतिक व्यक्तिले रोजगारी बापत विगत आय वर्षहरुको पारिश्रमिक एकमुष्ट भुक्तानी प्राप्त गरेको अवस्थामा कर प्रयोजनका लागि सम्बन्धित आय वर्षमा प्रोदभावी (एक्रुयल) आधारमा लेखाङ्कन गर्नु पर्नेछ। |
| ११ | दफा ४७क को उपदफा (६) | उपदफा (१) अनुसार गाभिई निःसर्ग हुन चाहने एकै वर्गका निकायले संवत् २०७९ साल असार मसान्तभित्र गाभिने आशयपत्र **आन्तरिक राजस्व** विभागमा दिनु पर्नेछ। | "आन्तरिक राजस्व" भन्ने शब्दहरु झिकिएको छ। |
| १२ | दफा ५७ को उपदफा (२) को खण्ड (घ) | स्वामित्व परिवर्तन हुनु अघि दफा २४ को उपदफा (४) **को खण्ड (क)** बमोजिम कुनै रकम वा खर्च बापत हिसाव गरेको र स्वामित्वको परिवर्तन पछि सो रकम वा खर्चको दफा २४ को उपदफा (४) बमोजिम समायोजन गर्न, | उपदफा (४) पछिको "**को खण्ड (क)**" भन्ने शब्दहरू झिकिएको। |
| १३ | दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) | ढुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकममा दुई दशमलव पाँच प्रतिशतका दरले। | देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको:<br>**तर मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ।** |
| १४ | दफा ८८ को उपदफा (१) | नभएको | **प्रतिबन्धात्मक वाक्यांशको खण्ड (९) पछि देहायको खण्ड (९क) थपिएको:** |

| | | | |
|---|---|---|---|
| | को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (९क) | | संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न हुने दुई सय मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाले विदेशी बैङ्क वा अन्य विदेशी वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापतको ब्याज भुक्तानी गर्दा पाँच प्रतिशतका दरले। |
| १५ | दफा ८८ को उपदफा (३) | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैङ्क, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेञ्चर तथा सरकारी बण्ड बापत देहाय बमोजिमको ब्याज वा ब्याज बापतको कुनै रकम भुक्तानी दिंदा कुल भुक्तानी रकममा **पाँच** प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछः-<br>(क) नेपालमा स्रोत भएको, र<br>(ख) व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको। | "पाँच" भन्ने शब्दको सट्टा "**छ**" भन्ने शब्द राखिएको। |
| १६ | दफा ८९ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश | तर नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले आफ्नो प्रयोजनका लागि खरिद गर्ने हातहतियार, गोलीगठ्ठा तथा सञ्चार उपकरणको खरिद बापतको भुक्तानीमा यो उपदफा लागू हुने छैन। | **झिकिएको।** |
| १७ | दफा ९५क को उपदफा (६ख) | व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै प्रकृतिको अन्य विद्युतीय सेवा उपलब्ध गराए बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको भए | "एक" भन्ने शब्दको सट्टा **"पाँच"** भन्ने शब्द राखिएको। |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ। | |
| १८ | दफा ९५क को उपदफा (६ग) | व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले व्यक्तिगत रुपमा नेपाल बाहिर परामर्श सेवा प्रदान गरे बापत विदेशी मुद्रामा कुनै भुक्तानी प्राप्त गरेको भएमा सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ। | "एक" भन्ने शब्दको सट्टा **"पाँच"** भन्ने शब्द राखिएको। |
| १९ | दफा ९५क को उपदफा (६घ) | व्यवसाय सञ्चालनमा संलग्न नरहेको बासिन्दा प्राकृतिक व्यक्तिले सामाजिक सञ्जालमा श्रब्य दृश्य सामग्री अपलोड गरे बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको भएमा सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ। | "एक" भन्ने शब्दको सट्टा **"पाँच"** भन्ने शब्द राखिएको। |
| २० | दफा ९५क को उपदफा (६ङ) | **नभएको** | बासिन्दा विद्युतीय व्यापार सञ्चालक (इ-कमर्श अपरेटर) ले आफ्नो प्लेटफर्ममा आबद्ध भई कुनै वस्तु, सेवा वा वस्तु र सेवा प्रदान गर्ने व्यक्तिलाई वस्तु, सेवा वा वस्तु र सेवा बिक्री बापतको रकम भुक्तानी गर्दा एक प्रतिशतका दरले अग्रिम |

| | | | |
|---|---|---|---|
| | | | कर असुल गर्नु पर्नेछ। |
| २१ | दफा ९५क को उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांश | **नभएको** | तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तु पैठारीमा एक दशमलव पाँच प्रतिशत अग्रिम आयकर असुल उपर गरिनेछ। |
| २२ | दफा ९७ को उपदफा (५) | उपदफा (२) बमोजिम पेश गर्नु पर्ने आय विवरणको ढाँचा आन्तरिक राजस्व विभागले तोके बमोजिम हुनेछ। | "**आन्तरिक राजस्व**" भन्ने शब्दहरु झिकिएका |
| २३ | अनुसूची-१ को दफा १ को उपदफा (१) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश | **नभएको** | तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस खण्ड बमोजिमको कर लाग्ने छैन। |
| २४ | अनुसूची-१ को दफा १ को उपदफा (१) को खण्ड (ङ) | बीस लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा खण्ड बढी भएजति करयोग्य आयको खण्ड (घ) बमोजिम लागेको करको दरमा थप बीस प्रतिशत अतिरिक्त कर। | **बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (घ) बमोजिम लागेको करको दरमा थप बीस प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा बढी भए जति करयोग्य आयको खण्ड (घ) बमोजिम लागेको करको दरमा थप तीस प्रतिशत अतिरिक्त कर।** |
| २५ | अनुसूची-१ को दफा १ को उपदफा (१) को खण्ड (ङ) | तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा | **झिकिएको।** |

| | | | |
|---|---|---|---|
| | को प्रतिबन्धात्मक वाक्यांश | यस खण्ड बमोजिमको कर लाग्ने छैन। | |
| २६ | अनुसूची-१ को दफा १ को उपदफा (२) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश | **नभएको** | तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस खण्ड बमोजिमको कर लाग्ने छैन। |
| २७ | अनुसूची-१ को दफा १ को उपदफा (२) को खण्ड (ङ) | बीस लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा खण्ड बढी भएजति करयोग्य आयको खण्ड (घ) बमोजिम लागेको करको दरमा थप बीस प्रतिशत अतिरिक्त कर। | **बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (घ) बमोजिम लागेको करको दरमा थप बीस प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा बढी भए जति करयोग्य आयको खण्ड (घ) बमोजिम लागेको करको दरमा थप तीस प्रतिशत अतिरिक्त कर।** |
| २८ | अनुसूची-१ को दफा १ को उपदफा (२) को खण्ड (ङ) को प्रतिबन्धात्मक वाक्यांश | तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस खण्ड बमोजिमको कर लाग्ने छैन। | **झिकिएको।** |

<table>
<tr>
<td>२९</td>
<td>अनुसूची-१ को दफा १ को उपदफा (४क)</td>
<td>यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिको दफा ९५क. को उपदफा (६ख), (६ग), (६घ) बमोजिमको आयमा एक प्रतिशतले कर लाग्नेछ।</td>
<td>"एक" भन्ने शब्दको सट्टा "पाँच" भन्ने शब्द राखिएको।</td>
</tr>
<tr>
<td>३०</td>
<td>अनुसूची १ को दफा १ को उपदफा (१३)</td>
<td>(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भाडाका सवारी साधन धनीहरूबाट यातायात व्यवस्था कार्यालय मार्फत सवारी साधन दर्ता वा नवीकरणका बखत देहाय बमोजिमको वार्षिक कर असुल गरिनेछः-
<table>
<tr><th>सवारीको किसिम</th><th>प्रति सवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर</th></tr>
<tr><td>(१) कार, जिप, भ्यान, माइक्रो बस</td><td></td></tr>
<tr><td>(क) १३००सी.सी.सम्म</td><td>रु.४,०००।-</td></tr>
<tr><td>(ख) १३०१ देखि २०००सी.सी. सम्म</td><td>रु.४,५००।-</td></tr>
<tr><td>(ग) २००१ सी.सी. देखि २९००सी.सी. सम्म</td><td>रु.५,०००।-</td></tr>
<tr><td>(घ) २९०१सी.सी. देखि ४०००सी.सी. सम्म</td><td>रु.६,०००।-</td></tr>
<tr><td>(ङ) ४००१ सी.सी. देखि माथि सबै</td><td>रु.७,०००।-</td></tr>
<tr><td>(२) मिनीट्रक,</td><td>रु.६,०००।-</td></tr>
</table>
</td>
<td>(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भाडाका सवारी साधन धनीहरूबाट यातायात व्यवस्था कार्यालय मार्फत सवारी साधन दर्ता वा नवीकरणका बखत देहाय बमोजिमको वार्षिक आयकर असुल गरिनेछः-
<table>
<tr><th>सवारीको किसिम</th><th>प्रति सवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर</th></tr>
<tr><td colspan="2">(१) कार, जिप, भ्यान, माइक्रो बस</td></tr>
<tr><td>(क) १३००सी.सी.सम्म</td><td>रु.५,५००।-</td></tr>
<tr><td>(ख) १३०१ देखि २०००सी.सी. सम्म</td><td>रु.६,०००।-</td></tr>
<tr><td>(ग) २००१ सी.सी. देखि २९००सी.सी. सम्म</td><td>रु.६,५००।-</td></tr>
<tr><td>(घ) २९०१सी.सी. देखि ४०००सी.सी. सम्म</td><td>रु.८,०००।-</td></tr>
<tr><td>(ङ) ४००१ सी.सी. देखि माथि सबै</td><td>रु.९,०००।-</td></tr>
<tr><td>(२) मिनीट्रक, मिनीबस, पानी टेङ्कर</td><td>रु.८,०००।-</td></tr>
<tr><td>(३) मिनी ट्रिपर</td><td>रु.९,०००।-</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td><table>
<tr><td>मिनीबस, पानी टेङ्कर</td><td></td></tr>
<tr><td>(३) मिनी ट्रिपर</td><td>रु.७,०००।-</td></tr>
<tr><td>(४) ट्रक, बस</td><td>रु.८,०००।-</td></tr>
<tr><td>(५) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण</td><td>रु.१२,०००।-</td></tr>
<tr><td>(६) तेल टैङ्कर,ग्यास बुलेट, टिपर</td><td>रु.१२,०००।-</td></tr>
<tr><td>(७) ट्रेक्टर</td><td>रु.२,०००।-</td></tr>
<tr><td>(८) पावर टिलर</td><td>रु.१५००।-</td></tr>
<tr><td>(९) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो</td><td>रु.२,०००।-</td></tr>
</table></td><td><table>
<tr><td>(४) ट्रक, बस</td><td>रु.१०,५००।-</td></tr>
<tr><td>(५) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण</td><td>रु.१५,५००।-</td></tr>
<tr><td>(६) तेल टैङ्कर,ग्यास बुलेट, टिपर</td><td>रु.१५,५००।-</td></tr>
<tr><td>(७) ट्रेक्टर</td><td>रु.२,५००।-</td></tr>
<tr><td>(८) पावर टिलर</td><td>रु.२,०००।-</td></tr>
<tr><td>(९) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो</td><td>रु.२,५००।-</td></tr>
<tr><td colspan="2">१०) विद्युतीय सवारी साधन</td></tr>
<tr><td>(क) ५० किलोवाट सम्म</td><td>रू.३,०००।-</td></tr>
<tr><td>(ख) ५० किलोवाट देखि १२५ किलोवाट सम्म</td><td>रू.४,०००।-</td></tr>
<tr><td>(ग) १२५ किलोवाट देखि २०० किलोवाट सम्म</td><td>रू.६,०००।-</td></tr>
<tr><td>(घ) २०० किलोवाट भन्दा माथि सबै</td><td>रू.७,५००।-</td></tr>
</table></td></tr>
<tr><td>३१</td><td>अनुसूची १ को दफा २ को उपदफा (२)</td><td>नभएको</td><td>“सामान्य बीमा व्यवसाय” भन्ने शब्दहरू पछि “, वित्तीय कारोबार गर्ने निकाय” भन्ने शब्दहरू थपिएको।</td></tr>
<tr><td>३२</td><td>अनुसूची १ को दफा २ को उपदफा (३)</td><td>सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्नेछः-<br>(क) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा पाँच प्रतिशत,<br>(ख) उपमहानगरपालिका क्षेत्रभित्र</td><td>साविकको व्यवस्थाको सट्टा देहाय बमोजिमको व्यवस्था कायम गर्नुपर्नेः<br>सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्नेछः-</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | सञ्चालन भएकोमा सात प्रतिशत,<br>(ग) महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा दश प्रतिशत, | (क) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा पाँच प्रतिशत,<br>(ख) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा सात प्रतिशत,<br>(ग) महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा दश प्रतिशत,<br>तर बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको हकमा देहायको दरले कर लाग्नेछः-<br>(क) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा दश प्रतिशत,<br>(ख) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा पन्ध्र प्रतिशत,<br>(ग) महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा बीस प्रतिशत। |
| **मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा भएको संशोधन** | | | |
| १ | दफा ८ उपदफा (२क) | नभएको | **उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोः**<br>दर्ता नभएको कुनै व्यक्तिबाट ढुवानी साधन भाडामा लिने वा ढुवानी सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण |

| | | | |
|---|---|---|---|
| | | | र असुल उपर गर्नु पर्नेछ। |
| २ | दफा १७ को उपदफा (५ख) | दफा ८ को उपदफा (२) दफा १२क. र दफा १५ को उपदफा (३) बमोजिम तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिइनेछ। | "दफा ८ को उपदफा (२)" भन्ने शब्दहरू पछि **"र (२क),"** भन्ने शब्द थपिएको। |
| ३ | दफा १९ को उपदफा (४) र (५) | "दस्तुरहरू" | **"हरू" भन्ने शब्द झिकिएको।** |
| ४ | दफा १९ को उपदफा (७ख) | यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि १०ख१. बमोजिम दर्ता भएको व्यक्तिको कर भुक्तानी प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ। | "भए तापनि" भन्ने शब्दहरु पछि **"दफा"** भन्ने शब्द थपिएको। |
| ५ | दफा २५ को उपदफा (१ख) | कुनै उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरूप भुक्तानी गरेको करको दश प्रतिशत रकम विभागले तोकेको प्रक्रिया बमोजिम निजको बैङ्क खातामा फिर्ता गरिनेछ। | "उपभोक्ताले" भन्ने शब्दको सट्टा **"उपभोक्ताले विभागले सूचना प्रकाशन गरी निर्धारण गरेको"** भन्ने शब्दहरू राखिएका। |
| ६ | दफा २८ को उपदफा (१क) | नेपालभित्र उत्पादन भएको वा तयार भएको मालवस्तु भन्सार कार्यालयबाट निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कारणले पुनः पैठारी गरी ल्याई त्यस्तो मालवस्तु पैठारी भएको तीन महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाको बखत लाग्ने मूल्य अभिवृद्धि कर धरौटीमा राखी छाड्न सकिनेछ र त्यस्तो मालवस्तु पुनः निकासी भएपछि उक्त धरौटी फिर्ता | **"आन्तरिक राजस्व"** भन्ने शब्दहरु झिकिएका। |

| | | | |
|---|---|---|---|
| | | दिइनेछ। यसरी धरौटीमा राखिएको र फिर्ता गरिएको रकमको विवरण सम्बन्धित भन्सार कार्यालयले आन्तरिक राजस्व विभागमा दिनु पर्नेछ। | |
| ७ | दफा २९ को उपदफा (१ङ) | नभएको | **ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क), (क१) र (क२) बमोजिम विद्युतीय माध्यमबाट स्वचालित रूपमा कर फिर्ता लिंदा नपाउने कर फिर्ता लिएको पाइएमा कर अधिकृतले कर बिगोको पच्चीस प्रतिशत रकम जरिवाना गर्न सक्नेछ।** |
| **नोटः सावितकको अनुसूची-१ र २ को सट्टा नयाँ अनुसूची-१ र २ राखिएका छन्।** | | | |
| **अन्तःशुल्क ऐन, २०५८ मा संशोधन** | | | |
| १ | दफा २ को खण्ड (ढ) | विभाग भन्नाले यस ऐनको प्रयोजनका निमित्त नेपाल सरकारले तोकेको विभाग सम्झनु पर्छ। | **“विभाग” भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।** |
| २ | दफा ३ख को उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको (२) | बण्डेड वेयर हाउसबाट बिक्री गरिने अन्तःशुल्क लाग्ने वस्तु पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बराबरको रकम नगद धरौटी वा बैङ्क प्रत्याभूति राख्नु पर्नेछ। | "पैठारी गर्दा" भन्ने शब्दहरू पछि “**वा नेपालभित्र उत्पादन भएको वस्तु खरिद गर्दा**" भन्ने शब्दहरू थपिएका। |
| ३ | दफा ८ को उपदफा (१) | यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन। | "उत्पादन, पैठारी," भन्ने शब्दहरूको सट्टा "**उत्पादन, निकासी, पैठारी,**" भन्ने शब्दहरू राखिएका। |
| ४ | दफा ९ को उपदफा (१) | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न | "उत्पादन, पैठारी," भन्ने शब्दहरूको सट्टा "**उत्पादन, निकासी, पैठारी,**" भन्ने शब्दहरू राखिएका। |

| | | | |
|---|---|---|---|
| | | वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन। | |
| ५ | दफा १९ को उपदफा (६ख) | उपदफा (६क) बमोजिम धरौटी वा बैङ्क जमानतको गणना गर्दा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत अन्तःशुल्क रकमलाई समेत गणना गर्नु पर्नेछ। | “आन्तरिक राजस्व” भन्ने शब्दहरु झिकिएको। |
| **नोटः साविकको अनुसूची-१ को सट्टा नयाँ अनुसूची-१ राखिएको छ।** | | | |
| **मदिरा ऐन, २०३१ मा संशोधन** | | | |
| १ | दफा ५ | कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न पाउने छैन। | "पैठारी, बिक्री" भन्ने शब्दहरूको सट्टा "**पैठारी, निकासी, बिक्री**" भन्ने शब्दहरू राखिएका। |
| २ | दफा ६ | अन्तःशुल्क ऐन, २०५८ वा अन्तःशुल्क नियमावली, २०५९ बमोजिम इजाजतपत्र नलिई कसैले पनि मदिरा उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न पाउने छैन। | "पैठारी, बिक्री" भन्ने शब्दहरूको सट्टा "**पैठारी, निकासी, बिक्री**" भन्ने शब्दहरू राखिएका। |
| ३ | दफा १२ को उपदफा (१) को खण्ड (ख) | इजाजतपत्र नलिई मदिरा उत्पादन वा पैठारी गरेमा, | "उत्पादन वा पैठारी" भन्ने शब्दहरूको सट्टा "**उत्पादन, निकासी वा पैठारी**" भन्ने शब्दहरू राखिएका। |